# यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड
# United Ajod Insurance Limited
United by Trust

(साबिकका **यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि.** र **अजोड इन्स्योरेन्स लिमिटेड** एक आपसमा गाभिएर बनेको बीमक)

सि.टि.सी. मल, सातौं तल्ला, बागदरबार मार्ग, सुन्धारा, काठमाडौं, नेपाल
फोन: ०१-५३३३७४३, ५३४३३०३, ५३४४०१३, ५३४३०७३, टोल फ्रि नं.: १६६०-०१८६४९६
E-mail: info@unitedajodinsurance.com, Web: www.unitedajodinsurance.com


## पशुधन बीमालेख

पशु धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने कुरामा सहमति जनाई बीमाशुल्कको रकम भुक्तानी भएको आधारमा **यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड** (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकाले, यस बीमालेखको अनुसूची, विवरण तालिका, परिभाषा, विशेष व्यवस्था, अपवाद र शर्तहरू यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमाशुल्क भुक्तानीको प्रतिफलस्वरूप बीमकले बीमाको अवधिभित्र पशुधनको विवरण तालिकामा उल्लेख भए बमोजिमका पशुधनहरूको क्षति/हानि-नोक्सानी भएमा बीमाङ्कको सीमाभित्र रही सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

### बीमालेखले रक्षावरण गर्ने जोखिमहरू

(१) यस बीमालेख अन्तर्गत देहायका जोखिमहरू समावेश छन्:

(क) आगलागी/चट्याङ्ग,

(ख) भूकम्प,

(ग) बाढी/डुवान/खडेरी,

(घ) पहिरो/भूस्खलन,

(ङ) आँधीबेहरी/असिना/हिउँ वा तुसारो,

(च) आकस्मिक/दुर्घटनाजन्य वाह्य कारणहरू,

(छ) रोगबाट हुने हानि-नोक्सान,

(२) यस बीमालेखको बीमाको अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु. २,००,०००/- (अक्षरेपी दुई लाख मात्र) दुर्घटना बीमा वापत भुक्तानी गर्नेछ ।

उल्लिखित कुनै कारणबाट अनुसूचीमा उल्लिखित पशुधन बीमा अवधिभित्र मरेमा वा पूर्ण स्थायी रूपमा अशक्त भएमा बीमकले बीमितलाई निम्नानुसार भुक्तानी गर्नेछ:

क) मृत्यु भएमा बीमाङ्क रकमको ९० प्रतिशत

ख) पूर्ण स्थायी रूपमा अशक्त भएमा बीमाङ्क रकमको ५० प्रतिशत

ग) पूर्ण स्थायी रूपमा थुनेलो भएमा बीमाङ्क रकमको ३० प्रतिशत

### सामान्य शर्त

पशु धनीले निम्न शर्तहरू अनिवार्य रूपमा पालन गर्नु पर्नेछ :

१. पशुधनलाई तन्दुरूस्त राख्नको लागि बीमित पशुधनको मालिकले आफ्नो पशुलाई समय समयमा प्राविधिकबाट पशुको स्वास्थ्य जाँच गराउनु पर्नेछ ।

२. बीमा गरिएको पशुको सम्बन्धमा कुनै विवरण थपघट गर्नु परेमा पशुधनीले बीमकलाई लिखित जानकारी दिनु पर्नेछ ।

३. पशुधनको बीमा गर्ने पशुधनीले बीमालेखलाई निरन्तरता दिन तोकिएको बीमाशुल्क बीमक वा भुक्तानी गर्ने स्थान तोकिएको भए सोही स्थानमा बीमाशुल्क बुझाई प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेछ ।

४. बीमित पशुधनलाई लगाई राखिएको बीमाको संकेत पट्टा (ट्याग/माइक्रो चिप्स आदि) झरेमा वा हराएमा बीमितले अनिवार्य रूपमा तत्काल बीमक वा सम्बन्धित संस्था/वा बीमा अभिकर्तालाई जानकारी गराउनु पर्नेछ । कुनै संगठित सहकारी संस्था वा कुनै संस्था मार्फत ऋण लिई सोको सुरक्षणको लागि बीमा गराएको अवस्थामा उक्त संस्थाको प्रतिनिधिलाई जानकारी गराई सोही संस्था मार्फत बीमकलाई जानकारी गराउनु पर्नेछ ।

५. यस बीमालेख अन्तर्गत बीमित पशुधन मरेको तीन (३) दिनभित्र बीमित पशुधनी वा निजको प्रतिनिधिले बीमकलाई लिखित जानकारी गराउनु पर्नेछ । बीमकलाई तत्काल खबर गर्न सम्भव नहुने भएमा सम्बन्धित समूह वा संस्थाको प्रतिनिधिलाई जानकारी गराउनु पर्नेछ । सोको जानकारी सम्बन्धित संस्थाको प्रतिनिधिले बीमा कम्पनीमा जानकारी गराउनु पर्नेछ ।

६. प्रजनन् तथा उत्पादनका लागि पालिने बीमित पशुधन (गाई, बहर, भैंसी, राँगा, घोडा, गधा, खच्चड, चौंरीगाई, याक र नाक, भेंडा, बाख्रा, बोका, च्यांग्रा, बंगुर आदि) को स्थायी रूपले पूर्ण रूपमा अनुत्पादक तथा अशक्त भएको प्रमाणित भएमा बीमाङ्कको ५० प्रतिशत क्षतिपूर्ति प्रदान गरिनेछ ।

७. यस बीमालेखमा उल्लेख भए बाहेक अन्य बन्देज र शर्त तथा सुबिधाहरू "बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९" बमोजिम हुनेछ । साथै यस बीमालेख अन्तर्गत कुनै किसिमको विवाद उत्पन्न भएमा सोको निराकरणको लागि बीमा ऐन, २०७९, नियम तथा निर्देशिकामा उल्लेख भए अनुसार विवाद समाधान गरिनेछ ।

८. यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र (१२) बजेपछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

९. पशुधनको बीमा गर्दा बीमितले प्रस्ताव फारामसंग प्राविधिकको प्रमाणपत्र अनिवार्य रूपले संलग्न गर्नु पर्नेछ । तर नबीकरणको हकमा सो प्रावधान लागू हुने छैन ।

१०. बीमा कम्पनी वा निजको प्रतिनिधिले निरीक्षण/अनुगमन गर्दा बीमालेखमा उल्लेख भए बमोजिम वा तोकिए बमोजिमको शर्त अनुसार वस्तुभाउ/बालीको उचित स्याहार सम्भार नगरेको अवस्थामा बीमकले बीमितलाई सात (७) दिनको सूचना दिई बीमालेख रद्द गर्न सक्नेछ । तर सोको प्रमाण राखी १५ दिनभित्र नेपाल बीमा प्राधिकरणमा जानकारी गराउनु पर्नेछ ।

## दावी सम्बन्धी प्रक्रिया

बीमित पशुधन मरेमा वा पूर्ण स्थायी रूपमा अशक्त भएमा सोको कारण खोली बीमित पशुधनीले पन्ध्र (१५) दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारण सहित संभव हुनासाथ बैंक वा सदस्य संस्था मार्फत देहायका कागजातहरू बीमक समक्ष पेश गर्नु पर्नेछ ।

१) सक्कल बीमालेख,

२) पूर्ण रूपले भरिएको दावी फाराम,

३) बीमित पशु मरेको प्रमाण-पत्र सम्बन्धित गा.पा.को पशु सेवा केन्द्र वा पशु सेवा केन्द्रका प्राविधिक वा मान्यता प्राप्त पशुसेवा प्राविधिकबाट प्रमाणित गराएको प्रमाणपत्र

४) गा.पा./न.पा./वडा/कम्तिमा सबभन्दा नजिकको दुईजना छिमेकीको सर्जमिन मुचुल्का

५) बीमित पशुधनमा लगाएको संकेत पट्टा

६) स्थायी रूपले पूर्ण रूपमा अनुत्पादक तथा अशक्त भएको अवस्थामा जिल्ला पशु सेवा कार्यालयका प्रमुख वा सो कार्यालयको पशु चिकित्सकबाट प्रमाणित कागजात

७) औषधोपचार गर्दागर्दै पनि थुनेलो वा बाझोपन भई भविष्यमा निको नहुने अवस्थामा रहेको भनी जिल्ला पशु सेवा कार्यालयका प्रमुख वा सो कार्यालयको पशु चिकित्सक बाट प्रमाणित कागजात

## बीमालेख रद्द हुने अवस्थाहरू

निम्न अवस्थाहरूमा बीमालेख रद्द हुन सक्नेछ :

१. बीमित पशुधनको सम्बन्धमा सत्य तथ्य कुरा लुकाइ छिपाई झुट्टा विवरण दिएको पाइएमा बीमालेख स्वत: रद्द हुनेछ ।

२. बीमित पशुधनलाई बीमा अवधि समाप्त नहुँदै बिक्री गरेमा वा अन्य कुनै कारणले हक छाडी हस्तान्तरण गरेमा बीमालेख स्वत: रद्द हुनेछ । तर बीमकको स्वीकृति लिई बीमालेख हस्तान्तरण गर्न सकिनेछ ।

## बीमित पशुधनको दावी नलाग्ने अवस्थाहरू

निम्न अवस्थाहरूमा पशुधनको दावी गर्न सकिने छैन:

१. बीमित पशुधन हराएमा वा चोरी भएमा ।

२. बाँझोपनको सम्बन्धमा तल उल्लेख गरे अनुसार बीमितले बीमा गरेको वस्तुभाउको औषत गर्भाधारण समयावधिभन्दा अघि बीमा दावी गर्न ।

| जनावरहरू | औसत गर्भाधारण अवधि |
|---|---|
| गाई | १५० दिन |
| भैंसी | १५० दिन |
| घोडा | ३४० दिन |
| भेंडा | १५० दिन |
| सुंगुर | ११५ दिन |
| गधा | ३७० दिन |

३. निर्धारित अवधिभित्र दावी प्रक्रिया शुरू नगरेमा ।

४. बीमित पशुधनको बीमाशुल्क नबुझाएको अवस्थामा र नबीकरण गर्नुपर्ने बीमालेख समाप्त भएको ७ दिनभित्र नबीकरण गरी तोकिएको संस्थामा बीमाशुल्क प्राप्त नभएमा ।

५. बीमित पशुधनको शरीरमा लगाई राखिएको संकेत पट्टा मृत पशुधनको शरीरमा नभेटिएमा ।

६. बीमित पशुधनमा राखिएको संकेत पट्टा कुनै कारण विशेषले हराएमा सोको जानकारी तत्काल बीमक वा तोकिएको संस्थालाई नगराएमा ।

७. चरन, स्वास्थ्य उपचार र प्रजनन प्रयोजनको लागि मात्र गोठदेखि पाँच (५) किलोमिटरभन्दा बढीको दूरीमा दुर्घटना भएमा । उच्च पहाडी तथा हिमाली भेगमा पालिने वस्तुभाउको हकमा सो लागू नहुने ।

८. बीमकको सहमति बेगर पशुलाई जुन प्रयोजनको लागि पालिएको हो सो बाहेक अन्य प्रयोजनमा गरेमा ।

९. युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही, (युद्ध घोषणा भएको होस् वा नहोस्) गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट पशुधन मरेमा वा हानि-नोक्सानी भएमा ।

१०. देहायको कुराबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट वा सोबाट उत्पन्न कारणबाट पशुधन मरेमा वा हानि-नोक्सानी भएमा:

   (क) आणविक विकीरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वत:) जारी रहने अणुको विच्छेदनको ज्वलन समेतको सक्रियता संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

   (ख) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

११. बीमा गरिएको वस्तुभाउ प्रथम पटक बीमालेख जारी भएको मितिले १५ दिनभित्र रोगको कारणबाट मरेमा । तर यो व्यवस्था नबीकरणको हकमा भने लागू हुने छैन ।

## विशेष व्यवस्थाहरू

१) दावी रहित छूट (No claim discount) को निम्नानुसार व्यवस्था गर्ने :

   बीमा नबीकरण भएको प्रथम वर्ष कुल बीमाशुल्कको ५%

   बीमा नबीकरण भएको दोस्रो वर्ष कुल बीमाशुल्कको ७%

   बीमा नबीकरण भएको तेस्रो वर्ष देखि कुल बीमाशुल्क को १०%

   (गत वर्षको बीमालेखलाई आगामी वर्ष निरन्तरता दिएको हुनुपर्ने । वस्तुभाउको संख्या कम भएको कारणबाट छूट प्राप्त गर्न कुनै असर नपर्ने )

२) बीमायोग्य उमेर:

   क) स्थानीय तथा उन्नत जातको गाई २ वर्ष (अथवा पहिलो वेत भएको) देखि १० वर्षसम्म

   ख) भैसी ३ वर्ष (अथवा पहिलो वेत भएको) देखि १२ वर्षसम्म

   ग) स्थानीय तथा उन्नत नश्लको बाच्छी (कोरेली वा पाडी)को ६ महिनादेखि २ वर्षसम्म

   घ) प्रजननको लागि उन्नत नश्लको सांढे वा राँगाको ३ वर्षदेखि ७ वर्षसम्म

   ङ) ढुवानी वा जोत्नको लागि गोरू वा राँगा ३ वर्षदेखि १२ वर्षसम्म

   च) भेंडा, बाखा र बंगुर ३ महिनादेखि बिक्रीका लागि तयार हुने अवधिसम्म ।

३) प्राविधिकले पशुधनमा संकेत पट्टा लगाउने कार्य गर्नेछ । साथै बीमा गरिएको वस्तुभाउ (पशु)मा अनिवार्य रूपमा संकेत पट्टा प्रयोग गर्नुपर्ने ।

४) बीमित पशुधनलाई लगाउने संकेत पट्टा र सो पट्टा लगाउँदा लाग्ने खर्च रू.२००/- भन्दा बढी हुने छैन ।

५) बीमाशुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशत प्रति वर्षका दरले लाग्नेछ ।

६) दुर्घटना वापत बीमाशुल्क : रु. ०.५० प्रति हजार (बीमा अवधि १ वर्ष (३६५ दिन) वा सो भन्दा बढी अवधिको लागि)

   रु. ०.२५ प्रति हजार (बीमा अवधि १ वर्षभन्दा कम अवधिको लागि)

७) सदस्य संस्था मार्फत बीमा भएमा कुल बीमाशुल्कमा पन्ध्र (१५) प्रतिशत छूट दिइनेछ ।

८) बीमा गरिएको वस्तुभाउलाई बीमा नगरिएको वस्तु भाउभन्दा अनिवार्य रूपमा छुट्टाछुट्टै राख्ने व्यवस्था गर्नुपर्ने ।

## परिभाषा

**'बीमित'** भन्नाले यस बीमालेखमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको पशुधनको स्वामित्व भएको पशुधनी वा संस्था भन्ने संझनु पर्दछ ।

**'बीमित पशुधन'** भन्नाले यस बीमालेखको पशुधन विवरण तालिकामा नाम र विवरण उल्लेख भएको दुध, मासु, ब्रिडिङ, पशु श्रम, ऊन आदिको लागि पालिने पशु संझनु पर्दछ ।

**'बैंक'** भन्नाले प्रचलित बैंक तथा वित्तीय कानून बमोजिम सम्बन्धित निकायबाट वित्तीय कारोबार गर्न नियम बमोजिम इजाजत प्राप्त संस्था संझनु पर्दछ । यस परिभाषाले वित्तीय कम्पनी, लघु वित्त कम्पनी तथा पशुधन खरीदको लागि कर्जा दिने अन्य संस्था (सरकारी, सहकारी र गैर सरकारी संस्था आदि) तथा ग्रामीण क्षेत्रमा संचालित विभिन्न योजना समेतलाई संझनु पर्दछ ।

'**सदस्य संस्था**' भन्नाले दूध, मासु, ब्रिडिङ्ग, पशु श्रम, ऊन आदि जस्ता कार्यसंग सम्बन्धित पशुधनीहरूको सहकारी संस्था संझनु पर्दछ । यसले अन्य प्रकारका सहकारी संस्था, सहकारी समूह, सामुदायिक समूह, महिला स्वावलम्बन समूह, आमा समूह, कृषक समूह आदि जस्ता समूह समेतलाई संझनु पर्दछ ।

'**बीमाङ्क रकम**' भन्नाले बीमित पशुधन पशुधनी, सम्बन्धित सदस्य संस्था वा बैंक तथा बीमकबाट मान्यता प्राप्त पशु सेवा प्राविधिकले संयुक्त रूपमा भरी बीमाको प्रस्तावको साथमा पेश भएको पशुधन बीमाको मूल्य निर्धारण फाराममा घोषित मूल्य संझनु पर्दछ ।

'**लापरवाही**' भन्नाले बीमितले आफ्नो पशुधनलाई रोगहरू बिरूद्ध समयमै आवश्यक प्रतिरोधात्मक खोपहरू नलगाएको, पशुधन अस्वस्थ भएको अवस्थामा उचित हेरचाह तथा उपचार नगराएको तथा पशु डाक्टरको राय सल्लाह नलिएको अवस्था समेत संझनु पर्दछ ।

'**प्राविधिक व्यक्ति**' भन्नाले पशु सेवा केन्द्र, उपकेन्द्रका प्राविधिक वा भेटेरीनरी जे.टि., जेटिए वा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा/पशु विज्ञान विषयमा ज्ञान हासिल गरी सम्बन्धित निकायबाट सो सम्बन्धमा नियम बमोजिम कार्य गर्ने इजाजत प्राप्त व्यक्ति संझनु पर्दछ ।

'**स्वास्थ्य परीक्षण**' भन्नाले बीमाको लागि प्रस्तावित पशुधनको प्राविधिकबाट तन्दुरूस्त र निरोगी छ छैन, कुनै सरूवा, संक्रामक, परजीवी वा अन्य रोग लागेको छ/छैन भनी तथा उमेर निर्धारण गर्नको लीग गरिने स्वास्थ्य परीक्षण गर्ने कार्य संझनु पर्दछ ।

'**संकेत पट्टा**' भन्नाले बीमा गरिएको पशुधनलाई पहिचान गर्ने उद्देश्यले पशु प्राविधिकले लगाई दिने पहिचान खुल्ने संकेत (ट्याग/माइक्रो चिप्स आदि) संझनु पर्दछ ।

'**बीमा अवधि**' भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने बढीमा एक (१) वर्षसम्मको अवधि संझनु पर्दछ । बीमकले नबीकरण गर्न स्वीकृति गरी सोको लागि लाग्ने बीमाशुल्क समेत बीमकलाई प्राप्त भएको अवस्थामा नबीकरण भएको अवधिलाई पनि बीमा अवधि मानिने छ ।

'**पशुधन मृत्यु प्रमाणपत्र**' भन्नाले सम्बन्धित पशु प्राविधिकले बीमित पशुधनको मृत्यु भएको भनी प्रमाणित गरी दिएको प्रमाण पत्रलाई संझनु पर्दछ ।

'**दुर्घटना**' भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक माध्यमबाट हुने आकस्मिक घटनालाई संझनु पर्छ ।

'**पूर्ण स्थायी अशक्तता**' भन्नाले जुन प्रयोजनको लागि पालन गरिएको हो सो प्रयोजनको लागि दुर्घटना वा रोगको कारणबाट उल्लिखित प्रयोजन पूर्ण रूपमा पूर्ति नहुने अवस्था ।